प्रतिपक्ष र साना दलहरूलाई विश्वासमा नलिइकन 'थ्रेसहोल्ड'सम्बन्धी कानुनी व्यवस्था संशोधन अघि बढाउने बहस सान्दर्भिक नभएको बताउँछन् । 'सरकार चलाउन र कानुन संशोधन गर्न कांग्रेस र एमालेकै संख्याले पुगे पनि संविधान संशोधनका लागि अरू साना दललाई पनि विश्वासमा राख्नुपर्ने हुन्छ,' उनले भने, 'दुई दलको मूल उद्देश्य नै संविधानमा देखिएका कमीकमजोरी हटाउन आवश्यक संशोधन गर्ने भन्ने छ । त्यसका लागि माओवादीसहित अरू दललाई विश्वासमा लिएर जानुपर्ने बेला थ्रेसहोल्डको बहस सान्दर्भिक छैन ।'

राजनीतिक दलसम्बन्धी ऐनको दफा ५२ बमोजिम प्रत्यक्षतर्फ एक सिट जित्ने र समानुपातिकतर्फ तीन प्रतिशत 'थ्रेसहोल्ड' कटाउने दलहरू अहिले को दफा ६० (९) ले समानुपातिक निर्वाचन प्रणालीतर्फको कुल सदर मतको डेढ प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्नुपर्ने व्यवस्था गरेको छ । प्रत्यक्षतर्फ चुनाव लड्ने उम्मेदवारले भने सदर मतको दस प्रतिशत मत पाउन नसक्दा धरौटी जफत हुने व्यवस्था प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन ऐनमा छ ।

कांग्रेस र एमालेका नेताहरू समानुपातिक उम्मेदवारका हकमा संघमा तीन र प्रदेशमा डेढ प्रतिशत ल्याए निर्वाचित हुने तर प्रत्यक्षतर्फका उम्मेदवारले दस प्रतिशत मत प्राप्त नगरे जमानत जफत हुने प्रबन्ध नै व्यावहारिक नभएको तर्क गर्दै आएका छन् । २०७२ असोज ३ मा जारी संविधानको मस्यौदा समितिका

प्रक्रियामा अघि बढ्न सकेको उनी बताउँछन् । 'पालिका, प्रदेश र संघीय सरकारले गरेको संवैधानिक र कानुनी अभ्यासलाई लिएर समीक्षा गर्ने बेला आएको छ । समावेशी आयोगहरूलाई दस वर्षमा पुनरावलोकन गर्न सकिने भनेर संविधानमै उल्लेख छ,' सिटौलाले थपे, 'संविधान र यससँग सम्बन्धित कानुनहरू संशोधन गर्ने कुरामा सबै राजनीतिक दलबीच सहमतिबाटै अघि बढ्नुपर्छ ।' माओवादी महासचिव गुरुङ बहुविचार र समुदायको प्रतिनिधित्वका लागि पूर्ण समानुपातिक प्रणालीमा जानुपने बताउँछन् । उनले भने, 'कांग्रेस र एमालेको सोच दुई दलीय प्रणालीतर्फ नै लैजाने हो भने यो अधिनायकवाद र निरङ्कुश शैली हुन्छ । सशक्त प्रतिवाद गर्छौं ।'


Province Government

## Ministry of Water Supply, Irrigation and Energy

Koshi Province, Biratnagar

## Bid Cancelletion Notice

**Date of Publish: 2081-04-17**

The bids published on Kantipur National Daily dated 2081-01-30 under contract no. MoWSIE-KP/DoIE/Goods/080-81/NCB-02 has been concelled as per clause no. 37.1 of Section I. Instructions to Bidders of the bidding Document.

**Division Chief**
**Ministry of Water Supply, Irrigation and Energy**

JOB ANNOUNCEMENT